आज मिति २०७९।०८।१८ गते आइतबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्ज्वल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री हरि शर्मा | ५ | का.वा. वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र प्रसाद ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |

CamScanner

| | | |
|---|---|---|
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री मान बहादुर खड्का | रामग्राम नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत ,सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

~~उद्धव न्यौपाने~~ श्री रुद्र प्रसाद रेग्मी (अं. दर्शी)

श्री ललित कुमार गुप्ता इन्जिनियर (नि. प.)

श्री संजय कुमार शर्मा ले. अं.

श्री रामलाल कुमाल अ. [illegible]

~~श्री रिजवान अहमद अन्सारी~~ अधिकृत छैठौं

श्री राजजी साहनी प्रे. सि.

रामग्राम नगरपालिकाको मिति २०७९।०८।१८ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु ।

प्रस्ताव नं. १) गैरकृषि : कृषि क्षेत्र जग्गा वर्गिकरण मापदण्ड सम्बन्धमा
प्रस्ताव नं. २) रामग्राम त्रैमासिकि बुलेटिन सार्वजनिकीकरण र सार्वजनिक सुनुवाई सम्बन्धमा
प्रस्ताव नं. ३) सघन सहरी विकास कायक्रममा बाँकी घर सम्झौता सम्बन्धमा
प्रस्ताव नं. ४) बसपार्क ppp मोडेलमा संचालन र न्यूनतम मुल्यांकन सम्बन्धमा
प्रस्ताव नं. ५) रंगशालाको बहुवर्षीय ठेक्का व्यवस्थापन र बजेट अंक सम्बन्धमा
प्रस्ताव नं. ६) हाटबजार पुनर्सूचना र न्यूनत्तम अंक संशोधन गर्ने सम्बन्धमा
प्रस्ताव नं. ७) आयुर्वेद अस्पतालका लागि जग्गा उपयोग सिफारिस सम्बन्धमा
प्रस्ताव नं. ८) चालु आ.व.का आयोजना कार्यन्वयन सम्झौता समयसिमा सम्बन्धमा
प्रस्ताव नं. ९) स्वीकृत दरबन्दिमा थप चार जना नगर प्रहरी भर्ना प्रकृया सम्बन्धमा
प्रस्ताव नं. १०) नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा
प्रस्ताव नं. ११) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा
प्रस्ताव नं. १२) नव प्रवर्तन साझेदारी कोष तथा नवप्रवर्तन कार्यक्रम सम्बन्धमा
प्रस्ताव नं. १३) विविध :

क) रामग्राम नगरपालिका वार्ड नं. ५ का अध्यक्ष रामवृक्ष यादवको स्वास्थ्य लाभको कामना सम्बन्धमा
ख) नवलपरासी ( ब.सु.प.) बाट प्रतिनिधी सभा र लुम्बिनी प्रदेश सभामा निर्वाचित सांसदज्यूहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्ने सम्बन्धमा
ग) साविक स्थानिय निकाय बाट समायोजन भइ आउने कर्मचारीका वृत्तिविकास सम्बन्धी जानकारी सम्बन्धमा।
घ) सुरक्षित आप्रवासन (सामी) जनशक्ति र कार्यक्रमको बारे जानकारी सम्बन्धमा
ङ) यस नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यलय स्थानान्तरण सम्बन्धी जानकारी
च) स्थानीय विदा अनुमोदन सम्बन्धमा

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं.१ मा छलफल गरि देहायका निर्णयहरु गरियो ।

क) *भुउपयोग नीति २०७६, भुउपयोग ऐन २०७६ र भुउपयोग नियमावली २०७९* बमोजिम भूमिको वर्गीकरण ,संरक्षण र उपयोग सम्बन्धमा यस नगरपालिका को अनुरोधमा श्री अजित कुंवर समेतको प्राविधिक टोली उपस्थित भई कार्यपालिका बैठकमा वृस्तित प्रस्तुतीकरण र छलफल गरियो । यस कार्यका लागि प्राविधिक टोली मार्फत श्री नापि विभागलाई धन्यवाद ज्ञापन गर्ने निर्णयहरु गरियो ।

ख) भूमिको वर्गिकरण सम्बन्धमा नगर कार्यपालिकाको कार्यलयबाट टोली खटाई सम्वन्धित वडाका जनप्रतिनिधिको रोहवरमा निजि जमिनको हकमा यथासंभव सर्म्बान्धित जग्गाधनीको उपस्थितिमा र जग्गाधनी पूर्जा भिडाई कित्तागत तथ्याङ्क र वर्गिकरण तयार गर्ने । यस कार्यका लागि कार्यालयको सम्वन्धित शाखाबाट कार्ययोजना बनाएर कार्य प्रारम्भ गरि आगामि माघ मसान्त सम्म सम्पन्न गर्ने निर्णयहरु गरियो ।

ग) निर्णय प्रकरण १ (ख) बमोजिमको कार्य लागि वडाहरुलाई क्षेत्रफल र घरधुरि संख्याको आधारमा (क) र (ख) वर्गमा विभाजन गर्ने र ठूलो बडाको लागि प्रतिवडा अधिकतम रु.६०,०००।- र सानो वडाको लागि रु ४०,०००।- यातायात चियाखाजा तथा विविध खर्च गर्न सर्म्बान्धित शाखालाई पेश्की उपलब्ध गराउने । हाललाई उक्त लागत चालु आ.व. को भू-उपयोग योजना निर्माण शिर्षक बाट खर्च लेख्ने । भू-उपयोग नियमावली २०७९ तथा परिपत्र समेतका आधारमा वृस्तित भू-उपयोग योजना तयार नहुदां सम्मका लागि यही २०७९ मंसिर २३ गते भित्र कृषि र गैरकृषि क्षेत्र तोक्नु पर्ने भएकोले यसैसाथ संलग्न अनुसूची - १ को मापण्ड बमोजिम कृषिक्षेत्र र गैरकृषि क्षेत्र तोकि जग्गा सम्बन्धी आवश्यक सिफारिस गर्ने निर्णयहरु गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा रामग्रम नगरपालिकाको प्रथम त्रैमासिक बुलेटिन विमोचन गरी सार्वजनिकीकरण गरियो । साथै यस आ.व.को प्रथम सार्वजनिक सुनुवाई रामग्राम वडा नं. ११ मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा सघन सहरी विकास कार्यक्रम अन्तर्गत सुचिकृत १८२ घरहरु मध्ये हाल सम्म १२५ घरहरुको मात्र सम्झौता भइसकेकोमा बाँकी घरहरुसँग २०७९ मंसिर मसान्तभित्र सम्झौता गरिसाथै आगाभी आ.व.का लागि यस अधिकै मापदण्ड बमोजिम सघन शहरी विकास कार्यक्रममा समावेश गनुपर्ने लाभग्रहि छनोट गरि आगामि पुष मसान्त भित्र नगरकार्यपालिकाको कार्यलयमा पेश गर्ने सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ केरवानि साविक परासी ७ को कि.नं. १९२ मा श्री सहरी विकास मन्त्रालय अर्न्तगत निर्माण भएको बसपार्क हाल सम्म यस नगरपालिकालाई हस्तान्तरण नभएको देखिएकोले यथासिघ्र बाँकी निर्माण कार्य सम्पन्न गरि हस्तान्तरणं गर्न सम्वन्धित निकायलाई पत्रचार गर्ने । साथै उक्त बसपार्कको भवन संरचना उपयोग नहुदा जीर्ण हुँदै गएको देखिंदा सो को उपयोग गर्न सार्वजनिक - निजि साझेदारि ढाँचा अवलम्बन गर्ने । हाललाई प्रतिदिन २० सवारी साधन बसपार्कमा रहने आंकलन गरि प्रति सवारी रु.२० का दरले शुल्क निर्धारण गरी मासिक न्यूनतम रु १२,०००।- तथा वार्षिक न्यूनतम रु.१,४४,०००।- न्यूनतम अंक बाट बढाबढ प्रतिस्पर्धा गराई आगामि ३ वर्षका लागि ठेक्का बन्दोबस्त गर्ने । चालु आ.व. को बांकि अवधिका लागि ठेक्का सम्झौता गर्दा दामासहिले हुन आउने भाड़ा रकम छुट दिन आगामि नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो ।

ज्ञान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ साविक [illegible]रिया गा.वि.स. ३ ख कि.नं. ५३ मा अवस्थित निर्माणाधिन रंगशालाको सम्पुर्ण निर्माण कार्य स[illegible] गर्न रु [illegible] ४१,२०७४० बराबरको विस्तृत परियोजना प्रतिवेदन रहेको देखिन्छ। चालु आ. व. उक्त रंगशाला निर्माण गर्न श्री लुम्बिनी प्रदेश मार्फत रु १ करोड समपुरक अनुदान प्राप्त भई रु २ करोड बराबरको बजेट सुनिश्चितता रहेको छ। अन्यन्त ठूलो लागत रहेको र हाल विनियोजन भएको बजेट मध्यनजर गर्दा सो रंगशाला निर्माण सम्पन्न गर्न दशौं वर्ष लाग्न सक्दछ।

उपरोक्त सन्र्दभमा हाल लाई पारापिटको सुपरस्टक्चर संरचना मात्र निर्माण सम्पना गर्ने गरि प्राविधिक ल.इ. रहेको रु ६ करोड स्वीकृत गर्ने र अगामी ३ बर्षमा सो खण्ड (प्याकेज) निर्माण सम्पन्न गर्न ठेक्का बन्दोबस्त गर्न कार्यालयलाई निर्देशन गर्ने। चालु आ.व. मा विनियोजित रु २ करोड बजेट खर्च गरी आर्थिक बर्षमा नपुग बजेट तालुक निकायमा विनियोजन हुन अनुरोध गर्ने। साथै यस नगरपालिका बाट आगामि आ.व. मा प्राथमिकता क्रममा बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामग्राम वडा नं. २ स्थित हाटबजारको दुई पटकसम्म ठेक्का आस्वान गर्दा पनि ठेक्का नपरेको हुँदा राजश्व परामर्श समितिबाट सिफारिस भई आएको न्यूनतम अंक अनुमोदन गरी सो हाटबजारको ठेक्का आस्वानको पुन :सुचना गर्ने निर्णय गरियो। यसरी ठेक्का बन्दोबस्त गर्दा हाटबजारका चार खण्ड ( ब्लकहरु )लाई आवश्यकता अनुशार एकमुष्ठ वा खण्ड खण्ड गरि समूहीकरण गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो )

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा रामग्राम वडा नं. १ स्थित *साविक मञ्झरिया ५ ख को कित्ता नं. ३ को क्षेत्रफल ०-७-५* रहेको सार्वजनिक जग्गा मध्ये ०-४-० मा आयुर्वेद अस्पतालका लागि जग्गा उपयोग सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. का सम्पूर्ण आयोजनाहरुलाई समयमै सम्पन्न गरी विकासको लक्ष्या हासिल गर्नको निमित्त सम्पूर्ण वडास्तरीय आयोजनाहरुको कार्यान्वयन सम्झौताको समय सिमा २०७९ मंसिर मसान्त भित्र निर्धारण गर्ने निर्णय गरियो।

निर्णय नं.९: प्रस्ताव नं.९ माथि छलफल गर्दा रामग्राम नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको अनूसूची ६ मा १२ जना नगर प्रहरीहरुको दरबन्दी रहेको र हाल जम्मा ८ जना मात्र नगर प्रहरी कार्यरत रहेकोमा यस नगर क्षेत्रमा थप नगर प्रहरी परिचालन गर्न आवश्यक रहेको हुँदा थप चार जना नगर प्रहरीको दरबन्दीमा पदपूर्ति गर्न विज्ञापन गरी करार सेवामा नियुक्ती प्रकृया अधिबढाउन कार्यलयलाई कार्यादेश दिने निर्णय गरियो।

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरक्षेत्रका निम्न खोला नदीहरुको स्वीकृत IEE प्रतिवेदन अनुसार निस्कासन गर्न सकिने नदिजन्य पदार्थ तपसिल बमोजिम मूल्यांकन गरी चालु आ.व.मा नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसलि :

बहादुर खड्का
प्रशासकीय अधिकृत

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

नदिजन्य पदार्थ संकलन स्थल, परि[illegible] :–

| क्र. स. | संकलन उत्खन स्थान/नदी | उत्खनन गर्न सकिने परिमाण (घ.फुट) | [illegible] (प्रति वर्ष) प्रति घ.फुट | अनुमानित कुल राजश्व (प्रति वर्ष) ने.रु. |
|---|---|---|---|---|
| १ | तुरीया खोला, (पर्सावल देखि तोनवा नाका सम्म) रामग्राम न.पा. १४, १५, १६ र १८ | ५१४,६३२।६० | २।०० | १०२९२६५।२१ |
| २ | झलुही खोला, (पाडाटिकर देखि बिलासपुर सम्म) रामग्राम ७, ८, १२ र १३ | १८३,५४७।६३ | २।०० | ३६७०९५।२७ |
| | जम्मा | | | १३,९६,३६०।४८ |

*नोट : झरही खोलाको सन्दर्भमा डुबानको जोखिम रहेकोले नगरपालिकाले खोला सरसफाई तथा नदी कोरिडोर, तटबन्ध निर्माण गर्ने भएकोले हाललाई झरही खोला ठेक्का बन्दोबस्त नगर्ने निर्णय गरियो ।*

<u>निर्णय नं. ११ :</u> प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको स्थानीय राजपत्र भाग २ "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५ को दफा २ को उप दफा १ बमोजिम अनुसुची १ अनुसार प्राप्त भएका निवेदन उपर आवश्यक कारवाहि हुन गठित *अनुगमन तथा सिफारिस समितिले* विभिन्न मितिमा अनुगमन गरी सिफारिस गरेका निम्न फर्महरु र प्रोपराइटरहरुको नाममा दर्ता रहेको र अनुसुची ५ बमोजिमका न्यूनतम योग्यता पुरा गरेका र "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५ को दफा २ को उप दफा ३ पालना हुने गरी र दफा २ को उप दफा ४ अनुसार नगर कार्यपालिकाको निर्णय र नियमानुसार राजश्व दाखिला गराई इजाजत दिन सकिने भनि सिफारिस भइ आएकोमा तपसिलका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.न. | फर्मको नाम | ठेगाना | प्रोपराइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १) | ज्योती कन्स्ट्रक्सन एण्ड बिल्डर्स | रामग्राम १२, पचगावा | मुकेश कुमार कलवार | |
| २) | सरिम कन्स्ट्रक्सन | रामग्राम ५, परासी | सरिम शर्मा | |
| ३) | शुलभ कन्स्ट्रक्सन | रामग्राम १, परासी | सतेश प्रसाद हरिजन | |
| ४) | रामग्राम कन्स्ट्रक्सन | रामग्राम ३, परासी | ठुली कान्छी गुप्ता | |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

<u>निर्णय नं. १२ :</u> प्रस्ताव नं. १२ माथि छलफल गर्दा :

(क): नव प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ अनुसार कार्यक्रमको तर्जुमा कार्यान्वयनको सहजीकरणको निमित्त नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

कार्यपालिकाका पूर्वाधार विकास समितिका संयोजक ---------------------------------- संयोजक
कार्यालयले सामाजिक विकास शाखा प्रमुख / नगर शिक्षा अधिकारी (रुद्र प्रसाद रेग्मी)---------------सदस्य
कार्यलयको सुचना प्रविधि अधिकृत (ई. जीत जंग के.सी.)------------------------------------------सदस्य
भवन आवास तथा नक्सा पास शाखा प्रतिनिधि (रमेश गुप्ता)---------------------------------------सदस्य
नवप्रवर्तन साझेदारीकोष सम्पर्क (Focal Person) व्यक्ति (ई. माधव न्यौपाने) ----------------सदस्य सचिव

(ख): लुम्बिनी प्रदेश सरकारद्धारा नवप्रवर्तन कार्यक्रमका लागि माग भएकोमा यस नगरपालिकाको तर्फबाट EBPS(Electronic Building Permit System) सम्बन्धी अवधारणा पत्र छनौट का लागि पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १३ :</u> प्रस्ताव नं. १३ माथि छलफल गर्दा :

क) यस नगरपालिका अन्तरगतको वडा नं. ५ का वडा अध्यक्ष श्री रामवृक्ष यादवज्यू विगत केही समय देखी अस्वस्थ भई उपचाररत रहेकोमा निजलाई सिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

ख) नवलपरासी ( ब.सु.प.) बाट प्रतिनिधी सभा र लुम्बिनी प्रदेश सभामा निर्वाचित सांसदज्यूहरुलाई बधाई , शुभकामना तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

(ग) यस नगरपालिकाद्धारा राजपत्रमा प्रकाशित *रामग्राम नगरपालिकाको साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९* को दफा ४ बमोजिमको मापदण्ड बमोजिम योग्यता पुगेका राष्ट्रसेवक कर्मचारीहरुलाई दफा ४ को उपदफा ४ बमोजिमको प्रोत्साहन सुविधा यस कार्यालय वा अर्न्तगत कार्यरत तपशिलका ३२ जना राष्ट्रसेवक कर्मचारीहरुलाई उपलब्ध गराइएको व्यहोरा अवगत भयो ।

घ) सुरक्षित आप्रवासन(सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम ,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित कार्यक्रम हो जुन यस नगरपिलकामा पनि सञ्चालित छ । संघिय सरकार सशर्त अनुदानमा रामग्राम नगरपालिकाले कार्यक्रम कार्यान्वयन गरिरहेको छ। यस कार्यक्रम अन्तर्गत तपशिल ९ जना जनशक्ती व्यवस्थापन भई कार्यक्रम कार्यान्वयन भइरहेको व्यहोरा अवगत भयो ।

(ङ) यस नगरपालिका अन्तरगतका ३ नं. र ५ नं. वडा कार्यालयहरु भाडाको घरमा छुट्टाछुट्टै स्थानान्तरण गरिएको साथै ६ नं. वडा कार्यालय आफ्नै नवनिर्मित भवनमा सारिएको व्यहोरा अवगत भयो ।

च) यस नगर क्षेत्रमा परापूर्वकाल देखि नै विशेष महत्वका साथ मनाईदै आएको जितीया पर्व र छठ पर्वको पावन अवसरमा यस कार्यालयबाट निर्णय गरि दिइएको एक एक दिन दिनको स्थनीय ( सार्वजनिक) विदा अनुमोदन गरियो ।

क्रमश :

अनुसूची - १

रामग्राम नगरपालिकाको १२औं बैठक निर्णय नं. ३

## रामग्राम नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड, २०७९

भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार रामग्राम नगरपालिका क्षेत्रको जग्गालाई भूउपयोग बर्गीकरण गर्ने प्रयोजनको लागि ऐनको दफा ५ को उपदफा ४ बमोजिम भूउपयोग क्षेत्र नक्सालाई अद्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट वर्गीकृत क्षेत्रमा बर्गीकरण गर्ने,

२) सरकारी, सार्बजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु बाहेक) लाई सार्बजनिक क्षेत्रमा बर्गीकरण गर्ने,

३) हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (निजी बाहेक) लगायतका पानीजन्य उपयोग क्षेत्रलाई नदी, खोला, ताल, सिमसार क्षेत्रमा बर्गीकरण गर्ने,

४) खानी तथा खनिजजन्य पदार्थ स्थानीय तहबाट स्विकृती प्राप्त गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा बर्गिकरण गर्ने,

५) हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (निजी जग्गामा भएको बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने,

६) हाल उपयोगमा रहेका मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको खाली जग्गा, परापूर्वकाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने,

७) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट स्विकृती लिएर औद्योगिक क्रियाकलापमा प्रयोग भएको जग्गा आफ्नै जग्गामा गरिएकोलाई औधोगिक क्षेत्र निर्धारण गर्ने,

८) उद्योगको नाममा दर्ता रहेको वा उद्योग स्थापना गर्ने उद्देश्यले घेराबार/कम्पाउण्ड गरेको प्रति उद्योग १० विगाहा सम्म जग्गा औद्योगिक क्षेत्र कायम गर्ने,

९) हाल चलनचल्तीमा उपयोग भइरहेको पसल, बैंक तथा वित्तिय संस्था, होटेल, रेष्टुरेण्ट, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथा फास्टफुड घर, व्यावसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजी जग्गा, निर्जी क्षेत्रबाट सञ्चालित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्थालाई व्यावसायिक क्षेत्रमा बर्गीकरण गर्ने । साथै पर्यटकीय गतिविधिमा उपयोग भइरहेको क्षेत्र र त्यसले चर्चेको जग्गालाई पनि व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने,

१०) सम्भावित बजार क्षेत्रमा मुख्य चोकबाट १०० मिटरको दुरी सम्म सडकसंग जोडिएका कित्तालाई व्यावसायिक क्षेत्रमा विभाजन गर्ने र सो को लम्बवत १०० मिटरको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने,

११) रामग्राम नगरपालिकामा रहेको वसोबास, चलनचल्तीका बाटो, कोरिडोरलाई आधार मानी तपसिल अनुसारको मापदण्ड अनुसारको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने,

क) मुख्य सडक (चौडाई १०० फिट) सडक क्षेत्राधिकार बाहेक १०० मिटर दायाबायाँको क्षेत्र,

ख) अन्य सडक (१०० फिट भन्दा कम चौडाई) सडक क्षेत्राधिकार बाहेक ५० मिटर दायाबायाँको क्षेत्र,

१२) क्रमसंख्या (१) देखि (११) बाहेकका क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने,

१३) कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकताको आधारमा वर्गीकरण गर्ने ।

क) आवासीय क्षेत्र ख) व्यवसायिक क्षेत्र ग) कृषि क्षेत्र

गज बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

CS CamScanner